# लोक सेवा आयोग

## नेपाल न्याय सेवा, सरकारी वकील समूह, राजपत्रांकित द्वितीय श्रेणी, उपसचिव वा सो सरह (अप्राविधिक) पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

मिति: २०८०/१०/१४

समय: ३ घण्टा　　　　　　　　　　　　　　　　　　　　पूर्णाङ्क: १००

पत्र: द्वितीय

<u>बिषय: सेवा सम्बन्धी</u>

<u>तलका प्रश्नको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।</u>

१. सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ लागू भए पश्चात् मात्र नेपालको अभियोजन प्रणालीको व्यवस्थित शुरुवात भएको पाइन्छ। सरकारबादी मुद्दाको अनुसन्धान एवं अभियोजन गर्ने कार्य प्रहरी र सरकारी वकीललाई सुम्पेको र संयुक्त अनुसन्धान एवं अभियोजन प्रणालीलाई स्वीकार गरिएको थियो। मुद्दाको अनुसन्धान र अभियोजन दुबै अधिकारीबाट हुने गर्दथ्यो। हाल नेपालको संविधान जारी भए पश्चात् यस कानूनी व्यवस्थामा परिवर्तन भई अनुसन्धानको जिम्मेवारी प्रहरीलाई, अभियोजन एवं वहस पैरवीको जिम्मेवारी सरकारी वकीललाई दिने प्रावधान रहेको छ। मुद्दाको उचित रूपमा अनुसन्धान भई यथेष्ठ रूपमा भौतिक सबुतको खोजी हुन सके निश्चित रूपमा अभियुक्तले सजाय पाई पीडितले न्यायको अनुभूती गर्न सक्ने हुन्छ, जुन कानूनको उद्देश्य पनि हो।

उपरोक्त सन्दर्भमा साविकको अनुसन्धान एवं अभियोजन प्रणाली र वर्तमान अनुसन्धान एवं अभियोजन प्रणालीबीच तुलनात्मक विवेचना गर्दै वर्तमान अनुसन्धान एवं अभियोजन प्रणालीलाई प्रभावकारी बनाउन प्रहरी र सरकारी वकीलबीच के कस्तो समन्वय र सहकार्यको आवश्यकता देख्नुहुन्छ? तर्कपूर्ण आधारहरू प्रस्तुत गर्नुहोस्। १५

२. सन्धि सम्झौता सम्पन्न गर्ने अधिकारलाई कुनै पनि राष्ट्रको सार्वभौमिकताको एउटा अत्यावश्यक पक्षको रूपमा लिइन्छ। यसै अनुरूप विभिन्न मुलुकले सन्धि सम्झौता सम्पन्न गर्ने गरेको पाइन्छ। नेपाल पनि थुप्रै अन्तर्राष्ट्रिय सन्धि सम्झौताको पक्ष राष्ट्र बनिसकेको छ। सन्धि सम्झौता सम्पन्न गर्ने सम्बन्धमा सम्बन्धित राष्ट्रले कानून बनाई आन्तरिक कार्यविधि अवलम्बन गर्ने गरेको पनि पाइन्छ। नेपाल सन्धि ऐन, २०४७ लाई यसको उदाहरणको रूपमा लिन सकिन्छ। कुनै सन्धिमा हस्ताक्षर गर्दैमा सो सन्धि हस्ताक्षरकारी राष्ट्रको लागि बाध्यात्मक नहुन सक्छ। राष्ट्रिय कानूनमा त्यस्तो सन्धि अनुमोदन गर्नुपर्ने गरी वा सो सन्धिमा नै अनुमोदन गर्नुपर्ने गरी व्यवस्था गरिएको अवस्था छ भने सो सन्धिमा हस्ताक्षरकर्ता राष्ट्रले अनुमोदन नगरेसम्म सो सन्धि त्यस्तो राष्ट्रको हकमा लागू हुँदैन।

यस सन्दर्भमा देहायका विषयमा मौलिक प्रस्तुति दिनुहोस्। २०

क) सन्धि सम्बन्धी भियना महासन्धि अनुसार कुनै सन्धिमा हस्ताक्षर गरेको कारणले त्यस्तो सन्धिलाई अनुमोदन गर्नुपर्ने अन्तर्राष्ट्रिय कानूनी दायित्व सिर्जना हुन्छ वा हुँदैन? तर्कयुक्त धारणा प्रस्तुत गर्नुहोस्।

ख) कुनै सन्धिको अनुमोदन गर्दा सन्धिको कुनै व्यवस्था आफ्नो हकमा लागू नहुने गरी घोषणा गर्न वा आरक्षण राख्न मिल्छ वा मिल्दैन? स्पष्ट पार्नुहोस्।

ग) नेपालको सन्धि सम्बन्धी कानून बमोजिम के कस्ता प्रकृतिका सन्धिमा पक्ष बन्नको लागि संघीय संसदको स्वीकृति वा समर्थन आवश्यक पर्छ? समीक्षात्मक टिप्पणी गर्नुहोस्।

३. नेपाल सरकार विरुद्ध पर्ने रिट निवेदन वा मुद्दाहरूमा सरकारका कुनै निकाय वा अधिकारीले सरकारी वकील बाहेक अन्य कानून व्यावसायीहरू मार्फत पनि बहस पैरवी गर्ने गराउने गरेको पाइन्छ। यस सन्दर्भमा नेपाल सरकार विरुद्धका रिट निवेदन वा मुद्दाहरूमा सरकारी वकील बाहेक अन्य कानून व्यावसायीहरूबाट बहस पैरवी गराउनु उपयुक्त हो वा होइन? यसबाट महान्यायाधिवक्ताको कार्यालय र सो अन्तर्गतका निकायहरूमा के कस्तो असर पर्न सक्दछ? तार्किक धारणा प्रस्तुत गर्नुहोस्। यी र यस्ता प्रावधानले समग्र न्याय प्रणालीमा समेत पर्नसक्ने प्रभाव र असरबारे समीक्षा गर्दै यसको निराकरणका लागि चाल्नुपर्ने कदमहरू के के हुन सक्लान्? व्यवहारिक उपायहरू सहितको खाका प्रस्तुत गर्नुहोस्। २०

४. नेपालमा संगठित अपराध निवारण गर्न संगठित अपराध निवारण ऐन, २०७० जारी भई कार्यान्वयनमा आएको १० वर्ष भएको छ। संगठित अपराध निवारणका लागि नेपाल अन्तरदेशीय संगठित अपराध बिरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धि, २००० र अन्य क्षेत्रीय महासन्धिको पक्ष राष्ट्र बनेको छ। तथापि, संगठित अपराधको रूपमा हुने लागू औषध, मानव बेचबिखन र ओसारपसार, सुन तस्करी, बन्यजन्तुको अबैध सिकार र तिनका अङ्गको व्यापार, सम्पत्ति शुद्धीकरण, नक्कली मुद्राको कारोबार, बैंकिङ्ग तथा अन्य वित्तीय अपराधहरूमा कमी आउन सकेको छैन। सीमाविहीन र अन्तरदेशीय यस्ता अपराध नियन्त्रण गर्न एक्लो प्रयासले मात्र सम्भव नहुने हुँदा राष्ट्रहरूबीच कानूनी सहायता आदान-प्रदान गर्ने, समन्वय विस्तार गर्ने, संयुक्त अनुसन्धानका प्रणाली विकास गर्ने जस्ता माध्यम पनि अवलम्बन गर्ने कानूनी प्रबन्ध गरिएका छन्। विद्यमान संगठित अपराध निवारण कानूनले यस्ता अपराध नियन्त्रण गर्न आवश्यक अनुसन्धान र अभियोजनका अलग प्रावधानहरू राखेको भए तापनि संगठित अपराधको गहिराइसम्म पुग्न र यस्ता अपराधहरूको अनुसन्धान बलियो बनाउन सकिएको छैन।

उपरोक्त पृष्ठभूमिमा संगठित अपराधको अवधारणागत पक्ष र महत्वपूर्ण कानूनी व्यवस्थाको समीक्षा गर्दै यो कानूनको कार्यान्वयनमा रहेका चुनौतीहरू उल्लेख गर्नुहोस्। साथै, संगठित अपराध निवारण गर्न विद्यमान कानूनको प्रभावकारी कार्यान्वयनका लागि अवलम्बन गर्नुपर्ने रणनीतिहरूबारे चर्चा गर्नुहोस्। २०

५. मेरो छोरी गीता खनाल अध्ययनको लागि २०७५ साल कार्तिक महिनामा जर्मनी गएकीमा २०७६ साल बैशाख महिनामा नेपाल आएकीले किन आएकी हो भनी बुझ्दा छोरी गीता खनालको नुवाकोट जिल्ला महादेवस्थान गाउँपालिका, वडा नं.-१ डाँडागाउँका चन्द्रप्रसाद ढकालसँग मायाप्रेम बसी विवाह गर्न आएको भन्ने बुझिन आएपछि मैले बुझ्ने क्रममा निज चन्द्रप्रसाद ढकालले पहिलाको श्रीमती रमिना घिमिरेसँग नुवाकोट जिल्ला अदालतबाट सम्बन्ध विच्छेद गरेको र मेरो छोरीसँग विवाह गर्न आएको कुरा पत्ता लागेपछि मैले कुनै वादविवाद तथा रोकावट गरिन। छोरी गीता खनाल र चन्द्रप्रसाद ढकालबीच २०७६/१/२४ गते प्रेम विवाह भएपछि छोरीले निज चन्द्रप्रसाद ढकालसँग अनुमति लिई अध्ययनको लागि जर्मनी फर्किएकीमा छोरीलाई जर्मनीबाट रकम पठाऊ भन्ने फेक आइडी बनाई धाकधम्की दिने गरेको कुरा छोरीले मलाई भन्दै आएकी र पछि निज चन्द्रप्रसाद ढकालले मैले विवाह गरें अब तँ मलाई चाहिँदैन भन्दै गाली गरेको कुरा छोरीले मलाई बताएपछि म जाहेरवाला निज चन्द्रप्रसाद ढकालको घर गाउँमा गई बुझ्ने क्रममा छोरी जर्मनीमा अध्ययनको लागि रहेको अवस्थामा पुन: पहिला सम्बन्ध विच्छेद गरिएकी रमिना घिमिरेलाई नै फेरि विवाह गरी बच्चासमेतको जन्म भएको भन्ने कुरा २०७७/२/५ मा थाहा पाएकोले निज चन्द्रप्रसाद ढकालले विवाहित श्रीमती गीता खनाल हुँदाहुँदै नुवाकोट जिल्ला, अर्चले गाउँपालिका, वडा नं.-५ बस्ने रमिना घिमिरेसँग दोश्रो विवाह गरेको हुँदा निजहरू उपर कानून बमोजिम कारबाही गरिपाउँ भन्ने समेत व्यहोराको काभ्रेपलाञ्चोक जिल्ला, फलाँटे गाउँपालिका, वडा नं.-७ बस्ने हरिप्रसाद खनालको जाहेरी दरखास्त।

रमिना घिमिरेसँग २०७० साल मंसिर महिनामा सामाजिक परम्परा अनुसार विवाह भई १ छोरीको जन्म भए पश्चात् निज श्रीमतीसँग सम्बन्ध राम्रो हुन नसकी २०७५/४/१६ गते नुवाकोट जिल्ला अदालतबाट सम्बन्ध बिच्छेद गरी बस्दै आएकोमा जाहेरवालाको छोरी गीता खनालसँग फेसबुकमा कुराकानी हुने क्रममा निजसँग २०७६/१/२४ गते प्रेम विवाह गरी गीता खनाल जर्मनी गईन्। मलाई पनि जर्मनी लैजाने कुरा भई कागजपत्रसमेत तयार गरी पठाएको थिएँ। माईतीको कुरा सुनी मलाई जर्मनी लगिनन्। रमिना घिमिरेसँग सम्बन्ध बिच्छेद भएपछि निजलाई मैले विवाह गरेको छैन। हाल मेरो श्रीमती गीता खनाल मात्र हुन्। मैले श्रीमती गीता खनाललाई धाकधम्की दिएको छैन। निजले माईतीको कुरा सुनेर म समेत विरूद्धमा बहुविवाह गरेको भनी निजको बुबा हरिप्रसाद खनाललाई जाहेरी दरखास्त दिन लगाएकी हुन् भनी चन्द्रप्रसाद ढकालले अधिकार प्राप्त अधिकारी समक्ष गरिदिएको बयान।

जाहेरवाला हरिप्रसाद खनालको छोरी गीता खनालले चन्द्रप्रसाद ढकालसँग विवाह गरी अध्ययनको लागि जर्मनी गएको समयमा विवाहित श्रीमती हुँदाहुँदै रमिना घिमिरेसँग दोश्रो विवाह गरी छोरी जन्मेको कुरा गाउँघरमा चर्चा हुँदा थाहा हुन आएकोले निज प्रतिबादीहरू उपर कानून बमोजिम कारबाही हुनुपर्छ भन्ने काभ्रेपलाञ्चोक जिल्ला, फलाँटे गाउँपालिका, वडा नं.-६ बस्ने अकलबहादुर तामाङ्गले गरिदिएको कागज।

चन्द्रप्रसाद ढकाल र रमिना घिमिरे २०७७ साल जेठ महिनामा सँगसँगै बच्चा बोकेर काठमाडौंमा हिंडेको भेटेको हो। कहाँ हिडेको भन्दा अस्पतालबाट आएको भनेर भन्थे। विवाहित श्रीमती जर्मनीमा अध्ययन गरिरहेकै समयमा अर्को विवाह गरी बच्चासमेत जन्मिसकेको देखिँदा कानून बमोजिम कारबाही होस् भन्ने काभ्रेपलाञ्चोक जिल्ला, फलाँटे गाउँपालिका, वडा नं.-५ बस्ने गिरीधारी उप्रेतीले गरिदिएको कागज।

क्रमश:

२०७७/१/२७ मा रमिना घिमिरेको छोरीको जन्म भएको र रमिनालाई नर्सिङ्गहोमबाट डिस्चार्ज हुँदा श्रीमती भनी चन्द्रप्रसाद ढकालले बुझी लगेको भन्ने बिदुर त्रिशुली नर्सिङ्गहोमको पत्र।

चन्द्रप्रसाद ढकाल र गीता खनालको काभ्रेपलाञ्चोक जिल्ला, फलाँटे गाउँपालिकाको कार्यालयबाट भएको विवाह दर्ताको प्रमाणपत्र।

रमिना घिमिरे फरार रहेको।

मुलुकी अपराध संहिता, २०७४ को दफा १७५ मा बहुविवाह गर्न नहुने व्यवस्था भई उपदफा (१) मा विवाहित पुरूषले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा अर्को विवाह गर्नुहुँदैन, उपदफा (२) मा कुनै पुरुष विवाहित हो भन्ने जानीजानी त्यस्तो पुरुषसँग कुनै महिलाले विवाह गर्नहुँदैन, उपदफा (४) मा उपदफाको (१) र (२) बमोजिमको कसुर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षदेखि पाँच वर्षसम्म कैद र दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ र उपदफा (५) मा उपदफा (१) बमोजिमको विवाह स्वत: बदर हुनेछ भन्ने एवं अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम कसुरदारबाट पीडित राहत कोषमा क्षतिपूर्ति शुल्क जम्मा गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ।

उल्लिखित तथ्य र कानूनको आधार लिई बहुविवाहको कसुरमा कारबाही एवं सजायको लागि जिल्ला प्रहरी कार्यालय, नुवाकोटबाट जिल्ला सरकारी वकीलको कार्यालय, नुवाकोटमा मिसिलसाथ आरोपित व्यक्ति चन्द्रप्रसाद ढकाललाई सुरक्षा साथ पठाइएको छ।

तपाइँ उक्त सरकारी वकील कार्यालयको प्रमुखको रूपमा कार्यरत रहेको हैसियतमा नुवाकोट जिल्ला अदालतमा दायर गर्ने अभियोगपत्रको मस्यौदा तयार पार्नुहोस्। २५

<<<समाप्त>>>